भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
BHIMSENTHAPA RURAL MUNICIPALITY
Office of the Rural Municipality Executive
कृषिसेवा शाखा, घ्याम्पेसाल, गोरखा
Agriculture Services Branch, Ghyampesal, Gorkha
गण्डकी प्रदेश
Gandaki Provience

प.सं. 078/079
Ref.No.
च.नं.
Dis.No.:

मितिः २०७९/०१/१५
Date:

## सुचना ! सुचना !! सुचना !!!

प्रस्तुत विषयमा यस भिमसेनथापा गाउँपालिका भित्रका विभिन्न स्थानमा मकै बालीको मुख्य शत्रुजिव अमेरिकन फौजी किरा (American fall army worm) को प्रकोप दिन प्रति दिन व्यापक रुपमा वृद्धि भई मकै,धान,गहुँ,कोदो,उखु लगाएत बालीमा पूर्ण क्षति गराई उत्पादनमा कमि हुने भएकाले समयमै सम्पूर्ण कृषकहरुले आ-आफ्नो खेत बारीमा नियमित रुपमा अवलोकन गरी कीराको प्रकोप देखिएमा किरा नियन्त्रण तथा रोकथाम गर्नको लागि बाली क्षति भएका कृपकहरुलाई विषादि वितरण गरिने कार्यक्रम भएकाले आवश्यक कागजात सहित यस कृषि शाखा कार्यालयमा सम्पर्क गर्नुहुन सवैमा जानाकारी गरिन्छ।

**आवश्यक कागजातहरुः**

१.व्यक्तिगत निवेदन ।
२.नागरिकताको प्रतिलिपि ।
३.क्षति भएको जग्गाको लाल पुर्जाको प्रतिलिपि ।

**लक्षण तथा यसको प्रकोपः**

१. फौजि कीराको लार्भा सुरुको अवस्थामा सेतो रङ्ग वा हल्का हरियो रंगको हुन्छ।
२. लार्भा विकसित हुदै गई शरीर साधारणतया खैरो रंगको हुन्छ।
३. यो कीरा एउटा समुहमा १०० देखि २०० सम्मको झुण्डमा रहेका हुन्छन्।
४. यसको लम्वाई २ देखि ३.५ से.मि को हुन्छ।
५. यसको टाउकोमा अंग्रेजी अक्षरको घोप्टो Y आकारको सेतो रंगको धर्का हुन्छ ।पेटको अन्तिमतिर आठौं खण्डमा ठुला कालो रंगका ४ वटा थोप्लाहरु वर्गाकार रुपमा देखिन्छ भने अन्य खण्डमा ठुला कालो रंगका ४ वटा थोप्लाहरु समलम्ब चतुर्भुज आकारमा देखिन्छ।
६. सुरुको अवस्थामा कलिला पातहरु कोत्रेर खाएको जस्तो र कीराको आकार बढ्दै जादाँ पातमा वा गुभोमा प्वाल पारी गुभो खाई दिन्छ र मकैको धान चमरामा समेत क्षति पुराई घोगा र दाना समेत खाएर पुर्ण नष्ट परिदिन्छ ।

- प्राविधिक सेवा तथा परामर्शको लागि तुरुन्त भिमसेनथापा गाउँपालिकाको कृषि सेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सम्पर्क नम्बरः९८४७७३०९२४,९८४६३४०१०१,९८१९१८६८३६

कृषि शाखा प्रमुख